## बटेश्वर गाउँपालिकाद्वारा प्रकाशित

## स्थानीय राजपत्र

**खण्डः१** **संख्याः४** **.मिति २०८१/१०/०४**


## भाग-२

# बटेश्वर गाउँपालिका

नेपालको संबिधान,२०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने सम्वन्धि ऐन,२०७५ को दफा (४) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि,स्थानीय सरकार संचालन ऐन २०७४ को दफा दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०८१ सालको कार्यबिधि नं.४
## कर्मचारी तहबृद्धि/ स्तरबृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः** मधेश प्रदेश सरकारबाट जारी भएको **"स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१"** मा रहेको तहवृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी बटेश्वर गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"कर्मचारी तहबृद्धि/ स्तरबृद्धि सम्बन्धी कार्यविधि, २०८१"** रहेको छ।

(२) प्रारम्भ: यो कार्यविधि कार्यपालिका बाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषा :-**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

१. "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनुपर्दछ ।

२. "कार्यालय" भन्नाले बटेश्वर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

३. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

४."गाउँपालिका" भन्नाले बटेश्वर गाउँपालिकालाई सम्झनु पर्दछ ।

५. "कार्यपालिका" भन्नाले बटेश्वर गाउँपालिका गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

६."प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बटेश्वर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

७. "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनुपर्दछ र सो सब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारी समेतलाई जनाउँनेछ ।

८."तह वृद्धि" भन्नाले ऐनको दफा ४ र दफा २९ बमोजिम गरिने तह वृद्धिलाई सम्झनुपर्दछ ।

९. "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा २२ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ ।

१०. "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको लोक सेवा आयोगलाइ सम्झनु पर्दछ ।

११ "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

१२. "मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्दछ ।

१३. "स्थानीय सेवा" भन्नाले ऐनको दफा ३ बमोजिम स्थानीय तहमा रहने सेवा सम्झनु पर्दछ ।

१४. "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन, २०७५ सम्झनुपर्दछ ।

**३. सूचना प्रकाशन गर्ने :-**

१. यो कार्यविधि बमोजिम वटेश्वर गाउँपालिका गाउँकार्यपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि/मिलानको लागि आवेदन पेश गर्न (स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ बमोजिम) प्रत्येक वर्षको मंसिर र जेठ महिनामा ३० दिनको म्याद दिई दरखास्त आह्वान गरिनेछ ।

२. उपदफा १ बमोजिम प्रकाशित सूचना कार्यालयको वेवसाईट र सूचना पाटीमा प्रकाशन गरिनेछ ।

**४. सिफारिस समिति :-** (१)ऐनको दफा २९ को उपदफा (५) बमोजिम गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि / स्तरबृद्धि सम्बन्धमा सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा सातौं/आठौं तहको अधिकृत स्तरको कर्मचारी - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

(ग) प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ।साथै समितिले अधिकृत स्तरको कर्मचारी लाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**५. सिफारिस समितिको काम कर्तव्य र अधिकार** :-सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. तह वृद्धि गर्ने प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका निवेदकहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

२. तह वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धि तथा तह मिलानको लागि गाउँकार्यपालिकामा सिफारिस गर्ने ।

३. ऐनको दफा १५७ को उपदफा २ बमोजिम तह वृद्धिको लागि सम्बन्धित निकायमा आवश्यक परामर्श माग गर्ने ।

**६. सिफारिस :-**

१. दरखास्त दिने अन्तिम मितिको १५ दिन भित्रमा सिफारिस समितिले अनुसूचि १ बमोजिमको ढाँचमा निवेदन साथ प्राप्त कागजपत्रहरुको जाँच गरी कार्यालयलाई तह बृद्धि/स्तर वृद्धिका लागि सिफारिस गर्नुपर्नेछ ।

२. उपदफा १ बमोजिम सिफारिस गर्दा कर्मचारीहरुको तह वृद्धि हुनुपूर्वको पदमा भएको स्थायी तथा वढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यता तथा जेष्ठतालाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ ।

३. यस कार्यविधि बमोजिम बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई यस कार्यविधिको अनुसूची २ को ढाँचामा तह वृद्धिको पत्र दिइनेछ ।

**७. तह वृद्धिको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि :-**

१. यस कार्यविधि बमोजिम हुने तह वृद्धि तथा ऐन बमोजिम हुने वढुवाको लागि ऐनको दफा ४, ८, २८, २९, ३० र ३१ मा तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि पुरा गरेको हुनुपर्नेछ ।

८. <u>तह वृद्धि/मिलान सम्बन्धी विशेष व्यवस्था :</u>

१.ऐनको दफा ८ को उपदफा २२ बमोजिम स्थानीय तहमा संघीय लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्ति भएका अधिकृत स्तर छैठौ तहका कर्मचारीलाइ नियुक्ति मितिदेखि लागु हुने गरी सातौ तहमा मिलान गरिनेछ ।

२. ऐनको दफा ८ को उपदफा २३ बमोजिम साविक स्थानीय निकायको स्वीकृत दरबन्दीमा पाँचौ तहमा स्थायी नियुक्ति पाई १० बर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरी अधिकृत स्तर छैठौ तहमा स्तरवृद्धि भई कार्यरत रहेका र सातौ तहका लागि आवश्यक शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाइ दफा २९ को उपदफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा अख्तिवारवालाले एक पटकको लागि सातौ तह कायम गरिदिने छ ।

३. ऐनको दफा ४ को उपदफा ६ बमोजिम समायोजन ऐन २०७५ बमोजिम साविक स्थानीय निकायको सहायक स्तर तेश्रो, चौथो, पाँचौ र अधिकृत स्तर छैठौ, सातौ, आठौ तहका कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यो ऐन जारी हुदाका बखतसम्म ५ बर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनुभन्दा पहिलेको सम्बन्धित पद देखि नै जेष्ठता कायम हुने गरी अख्तियारवालाले एक तह स्तर वृद्धि गरिदिनेछ । यसरी स्तर वृद्धि हुने पद स्वत : सृजना हुनेछ र कुनै कारणले निज कर्मचारी सेवामा वहाल नरहेमा सो पद स्वत : खारेज भई जानेछ ।

४. ऐनको दफा २८ को उपदफा १ मा स्थानीय तहमा समायोजन भएका कर्मचारीको यस ऐन बमोजिम तह वृद्धि वा बढुवा प्रयोजनको लागि जेष्ठता गणना गर्दा तह वृद्धि भएको वा नभएको अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समुहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

५. ऐनको दफा २९ को उपदफा १ मा स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ३ वर्षको सेवा अवधि पुरा भएको पछिल्लो ३ वर्षको कार्यसम्पादन मुल्यांकन औसत ८० प्रतिशत अंक प्राप्त गरेका र न्यूनतम शैक्षिक योग्यता हाँसिल गरेका देहायका कर्मचारीहरुलाइ सम्बन्धित सेवा, समूह वा उपसमुहमा तह वृद्धि गरिनेछ ।

<u>देहाय :</u>

| क.स | हालको पद | तह बृद्धि हुने पद | न्यूनतम शैक्षिक योग्यता (स्थानीय स्वास्थ्य सेवा बाहेक) |
|---|---|---|---|
| १ | पाँचौ | छैठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा १२ उत्तीर्ण |
| २ | सातौं | आठौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण |
| ३ | नवौं | दशौं | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण |

ऐनको दफा २९ को उपदफा २ बमोजिम स्थानीय स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम तहवृद्धिरस्तरवृद्धि गरिनेछः

| क.स. | हालको पद | स्तरवृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नपर्ने अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकन प्राप्त गर्नुपर्ने अंक |
|---|---|---|---|---|
| १. | चौथो | पाँचौ | पाँच बर्ष | कम्तिमा उत्तम |
| २. | पाँचौ<br>क) शुरु नियुक्ति भएको वा पाँचौ तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पुरा भएको<br>ख) पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक | छैठौ | पाँच वर्ष | कम्तिमा उत्तम |

| | | | | |
|---|---|---|---|---|
| | परीक्षाद्धारा बढुवा भए वा स्तरवृद्धि भएका मध्ये सो तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका | छैठौ | पाँच वर्ष | कम्तिमा उत्तम |
| ३. | छैठौ<br>क) छैठौं तहमा लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्त भएका<br>ख) छैठौं तहमा स्तरवृद्धि भएका मध्ये वरिष्ठ पाँचौं तहमा तह मिलान भएका<br>ग) छैठौं तहमा स्तरवृद्धि भएका मध्ये पाँचौं तहमा शुरु नियुक्त भएका | सातौ<br>सातौ<br>सातौ | स्वत<br>पाँच बर्ष<br>पाँच बर्ष | कम्तिमा उत्तम<br>कम्मतिमा उत्तम |
| ४ | **सातौं**<br>क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, एकिकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत<br>ख) खण्ड (क) बाहेकका छैठौं तहमा शुरु नियुक्ति भई सातौं तहको पदमा स्तरवृद्धि भएका र सातौं | आठौ | स्वत<br>३ बर्ष | कम्तिमा उत्तम |

| | | | | |
|---|---|---|---|---|
| | तहमा शुरु नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरु | आठौ | | |
| ५ | नबौं | दशौं | दुइ बर्ष | कम्तिमा उत्तम |

६. तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको स्वास्थ्य सेवाका कर्मचारीले यसै ऐन बमोजिम बढुवा पाईसकेपछि उपदफा (२) बमोजिम मात्र स्तरवृद्धि हुनेछ ।

(७) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीले ऐन अनुसार स्तरवृद्धि हुन स्तरवृद्धि समिति समक्ष निवेदन दिएमा निज कर्मचारीको स्तरवृद्धि ऐनको दफा २९ को उपदफा (२) बमोजिम गरिनेछ ।

(८) ऐनको दफा २९ को उपदफा (४) बमोजिम ऐनको दफा २९ को उपदफा (१) र (२) बमोजिम तह वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको पौष र असार महिनामा तह वृद्धिका लागि सबै योग्यता पूरा गरेको मितिबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गर्नु पर्नेछ ।

(९) ऐनको दफा ४ को उपदफा (६) तथा दफा २९ उपदफा (१), (२) र (३) बमोजिम तहरस्तर वृद्धि भएका कर्मचारीलाई ऐनको दफा २९ को उदफा ५ बमोजिमको समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले तहरस्तर वृद्धि निर्णय कार्यान्वयन गरी अनुसूची २ बमोजिमको ढाँचामा तहरस्तर वृद्धिको पत्र दिइनेछ ।

(१०) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दी भएको स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दीरपदाधिकार रहेको कार्यालयमा तहरस्तर वृद्धि हुने, एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दीरपदाधिकार रहेको कार्यालयमा तहरस्तर वृद्धि गरिनेछ ।तर गाँउकार्यपालिकाको कार्यालयमा कामकाजमा खटिएका र पछि मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय वाट कामकाज गरिरहेको कार्यालयमा सरुवा भएका कर्मचारीहरुको ऐन बमोजिम सरुवा भएको कार्यालय वाट स्तरवृद्धि गर्न वाधा पर्ने छैन।

११. ऐनको दफा ४ को उपदफा ६ तथा दफा २९ को उपदफा १ र २ बमोजिम तह वृद्धि भएका कर्मचारीहरुलाई ऐनको दफा २९ को उपदफा ५ बमोजिम समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले ऐनको दफा २९ को उपदफा ४ बमोजिम तह वृद्धिको निर्णय गर्नेछ ।

९.**<u>तह वृद्धि वा वढुवा रोक्का हुने :-</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा कार्यविधिको दफा ४ को उपदफा १ बमोजिमको सिफारिस समितिले ऐनको दफा ३२ मा उल्लेख भएका तपसिल बमोजिमको अवधिसम्म कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गरिने छैन :

१. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर

२. तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा वढुवा रोक्का भएको अवधिभर

३.तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर

४.ऐनको दफा ४३ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी समूह परिवर्तन भएको मितिले ३ वर्षको अवधिभर ।

**<u>१०.ग्रेड मिलान :</u>** तह वृद्धि गर्दा ऐनको दफा २९ को उपदफा ७ बमोजिम खाइपाई आएको तलब भन्दा घटी हुने भएमा खाइपाई आएको तलबभन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

**<u>११. जेष्ठता सम्बन्धि व्यवस्था :</u>**

(१) यस कार्यविधि बमोजिम तहरस्तर वृद्धिको लागि ज्येष्ठता गणना गर्दा स्थानीय सेवाको पदमा बहाल रहेको स्थायी कर्मचारीको सम्बन्धित तहको सेवा समूहको पदमा शुरु नियुक्ति मिति (हाजिरी मिति) बाट लागू हुने गरी गणना गरिनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ऐन बमोजिम तहरस्तर वृद्धिका लागि ज्येष्ठता गणना गर्दा ऐनको दफा २८ को उपदफा १, २ र ३ बमोजिम गणना गरिनेछ ।

**<u>१२. जानकारी दिनुपर्ने :</u>** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश निजामती किताब खाना, मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र प्रदेश लोक सेवा आयोगलाई जानकारी दिनुपर्नेछ ।

**<u>१३. परामर्श माग गर्ने :-</u>** यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा ऐनको दफा १५७ को उपदफा २ बमोजिम प्रदेश लोक सेवा आयोगको परामर्श अनिवार्य लिनु पर्नेछ ।

**<u>१४. बाधा अडकाउ फुकाउँने अधिकारी :-</u>** यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउँने अधिकार सम्बन्धित मन्त्रालय र प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँकार्यपालिकामा निहित रहनेछ ।

**१५. उजुरी/गुनासो :-** ऐन र यस कार्यविधि बमोजिम भएको तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा निर्णय सार्वजनिक भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सक्नेछ ।

**१६. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित ऐन बमोजिम हुनेछ ।

## अनुसूचि — १

(कार्यविधिको दफा ६ को उपदफा १ सँग सम्बन्धित)

### तह वृद्धि/मिलानको लागि पेश गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बटेश्वर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,
बटेश्वर, धनुषा,
मधेश प्रदेश ।

<u>विषय : तह वृद्धि गरी पाउँ ।</u>

प्रस्तुत विषयमा यस बटेश्वर गाउँपालिकाको तह वृद्धि सम्बन्धी मिति ........................... गते प्रकाशित सूचना अनुसार हाल म तपसिल बमोजिम पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिमको पदमा तह वृद्धि/तह मिलान हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

<u>तपसिल :-</u>

१. स्थायी नियुक्ति पत्रको प्रतिलिपि,
२. समायोजन पत्रको प्रतिलिपि,
३. बढुवा/स्तरवृद्धि/तहवृद्धि भएको पत्रको प्रतिलिपि,
४. नेपाली नागरिकताको प्रतिलिपि,
५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

| हाल कार्यरत पदको विवरण | तह वृद्धि/मिलान गरिने पदको विवरण |
|---|---|
| पद : | पद : |
| सेवा : | सेवा : |
| समूह : | समूह : |
| तह : | तह : |
| कार्यालय : | कार्यालय : |

माथि उल्लेखित गरिएका सबै व्यहोरा साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक :-</u>

दस्तखत .......................

नाम :-

कर्मचारी संकेत नं :-

अनुसूची-२

(कार्यविधिको दफा ६ को उपदफा ३ सँग सम्बन्धित)

# तहबृद्धि/स्तरबृद्धि पत्रको ढाँचा

प.सः मितिः

....................

च.नं.

**विषयः तहवृद्धि /स्तरबृद्धि गरिएको सम्बन्धमा।**

**महाशय,**

तपाईंलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति ................ गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ अनुसार मिति ................ गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह वृद्धि गरिएको छ। तहवृद्धि /स्तरबृद्धि हुनु भएकोमा हार्द्धिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

**तपसिलः**

| **हाल कार्यरत पद** | **तहवृद्धि /स्तरबृद्धि गरेको पद** |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवा: | सेवा: |
| समूहः | समूहः |
| कार्यरत कार्यालय: | पदस्थापन गरेको कार्यालय: |

**श्री** : ..........................................

कर्मचारी संकेत नम्बर : ..........................

**बोधार्थः**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपूरधाम।

श्री राष्ट्रिय कितावखाना (निजामती) पुल्चोक, ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम।

श्री प्रदेश किताबखाना,जनकपुरधाम।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाण्डौं।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौं।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषा।

श्री आर्थिक प्रशासन शाखा, बटेश्वर गाउँपालिका, बटेश्वर, धनुषा।

गाउँ कार्यपालिकाका बाट स्वीकृत मितिः२०८१।१०।०३ गते

प्रमाणीकरण मितिः२०८१।१०।०४

आज्ञाले,
रेवतीप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत